# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७४/०७५
चलानी नं.: २४०९

मिति: २०७४/१०/१२

विषय: निर्णय प्रतिलिपि पठाएको सम्वन्धमा ।

**श्री नं. वडा कार्यालय**
वनेपा नगरपालिका, वनेपा ।

वनेपा नगर क्षेत्र भित्र अरनिको राजमार्गको सीमा निर्धारण तथा फुटफाथ व्यवस्थापन गर्ने सम्वन्धमा मिति २०७४ माघ ११ गते न.पा. सभाहलमा वसेको वैठकको निर्णयको प्रतिलिपि कार्यान्वयनको लागि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com

आज मिति २०७४ माघ ११ गते विहिवार दिनको १:०० बजे वनेपा न.पा.कार्यालयको सभा कक्षमा अरनिको राजमार्ग वनेपा खण्ड दायाँवायाँ सडक सीमा भित्रको क्षेत्र खाली गराउने सम्वन्धमा छलफल गर्न प्रमुख श्री लक्ष्मी नरसिंह वादे श्रेष्ठको अध्यक्षता बसेको छलफल बैठकको उपस्थिति निम्नानुसार छन् ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री लक्ष्मी नरसिं वादे श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री रेखा सापकोटा (दाहाल) | उपस्थित |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री भोजराज घिमिरे | उपस्थित |
| ४ | वडा अध्यक्ष (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ५ | वडा अध्यक्ष (वडा नं. ७) | श्री वर्ण शाक्य | उपस्थित |
| ६ | वडा अध्यक्ष (वडा नं. ८) | श्री दानवहादुर मानन्धर | उपस्थित |
| ७ | वडा अध्यक्ष (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| ८ | वडा अध्यक्ष (वडा नं. १३) | श्री सुर्यनारायण नापित | उपस्थित |
| ९ | वडा अध्यक्ष (वडा नं. १४) | श्री गौरी राउत | उपस्थित |
| १० | कार्यपालिका सदस्य | श्री राजनकुमारी श्रेष्ठ | उपस्थित |
| ११ | कार्यपालिका सदस्य | श्री सुरेन्द्र भुजेल | उपस्थित |
| १२ | वडा सदस्य वडा नं. ६ | श्री कृष्ण मणि कुंईकेल | उपस्थित |
| १३ | वडा सदस्य वडा नं. ६ | श्री विष्णु नारायण श्रेष्ठ | |
| १४ | द. महिला सदस्य वडा नं. ६ | श्री सविना परियार | उपस्थित |
| १५ | वडा सदस्य वडा नं. ७ | श्री अनिल कुमार भैल | उपस्थित |
| १६ | वडा सदस्य वडा नं. ७ | श्री साजन मुस्याजु | |
| १७ | म. वडा सदस्य वडा नं.७ | श्री राम प्यारी श्रेष्ठ | |
| १८ | वडा सदस्य वडा नं. ८ | श्री नजरमान कपाली | |
| १९ | वडा सदस्य वडा नं. ८ | श्री रत्न भक्त पोते | |
| २० | म. वडा सदस्य वडा नं.८ | श्री राम प्यारी पोते | उपस्थित |
| २१ | द.महिला सदस्य वडा नं. ८ | श्री गंगा वर्देवा | उपस्थित |
| २२ | वडा सदस्य वडा नं. १० | श्री गुणराम भुजेल | उपस्थित |
| २३ | वडा सदस्य वडा नं. १० | श्री हरि श्रेष्ठ | उपस्थित |
| २४ | म. वडा सदस्य वडा नं. १० | श्री द्रोपदा खत्री क्षेत्री | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २५ | द. महिला सदस्य वडा नं.१० | श्री मन मिजार | उपस्थित |
| २६ | वडा सदस्य वडा नं. १३ | श्री हरि कृष्ण वुढाथोकी | उपस्थित |
| २७ | महिला वडा सदस्य वडा नं. १३ | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २८ | द.म. सदस्य वडा नं. १३ | श्री लक्ष्मी मिजार | उपस्थित |
| २९ | वडा सदस्य वडा नं. १४ | श्री सुजेन्द्र श्रेष्ठ | |
| २९ | वडा सदस्य वडा नं. १४ | श्री हरि प्रसाद तिमल्सिना | उपस्थित |
| ३० | म. वडा सदस्य वडा नं. १४ | श्री शान्ता कार्की | उपस्थित |
| ३१ | द. महिला सदस्य वडा नं. १४ | श्री मैया वि.क. | उपस्थित |
| ३२ | डि.ई.,(डि. सडक का. भक्तपुर) | श्री गुरु प्रसाद अधिकारी | उपस्थित |
| ३२ | इन्जिनियर(डि. सडक का. भक्तपुर) | श्री सुदर्शन कार्की | उपस्थित |
| ३३ | प्रहरी निरीक्षक(जि.ट्रा. प्र.का.) | श्री शेखर जंग मल्ल | उपस्थित |
| ३४ | प्रहरी निरिक्षक( ई. प्र.का.) | श्री सुनिल जंग शाह | उपस्थित |
| ३५ | प्रमुख, नेपाल विद्युत प्राधिकरण | श्री रविन्द्रकुमार यादव | उपस्थित |

**छलफलका विषयहरु:**

१. अरनिको राजमार्ग दायाँ वायाँ सडक सिमा भित्रको क्षेत्र खाली गराउने सम्वन्धमा ।

२. विविध ।

## -:निर्णय:-

१. डिभिजन सडक कार्यालय भक्तपुरको मिति २०७४।९।७ मा र वनेपा नगरपालिकाको मिति २०७४।९। १३ मा प्रकाशित अरनिको राजमाग वनेपा खण्ड दायाँ वायाँ खुला गर्ने विषयमा भएको सार्वजनिक सूचनाका सम्वन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) डिभिजन सडक कार्यालय भक्तपुरवाट मालपोत कार्यालय तथा नापी कार्यालयको समन्वयमा मिति २०७४ माघ २२ गतेवाट सडक सीमा छुट्याउने कार्य प्रारम्भ गर्ने ।

(ख) अरनिको राजमार्ग वनेपा खण्ड अन्तर्गत वजार क्षेत्रमा राजमार्ग दायाँवायाँ निमार्ण भएको सर्भिस रोड पुर्ण रुपमा खाली गर्न लगाई यस रुटमा चल्ने छोटो दुरीका वसहरु उक्त सर्भिस रुटवाट मात्र चलाउने व्यवस्था- मिलाउने । त्यसरी तोकिएको क्षेत्रमा जथाभावी सवारी पार्किङ्ग गरी अवरोध गरेमा कानुन वमोजिम जिल्ला ट्राफिक प्रहरी कार्यालयले जरिवाना लिने लगायतका कारवाही गर्ने ।

(ग) सडक सीमा भित्र रहेका पुराना घर भवनहरु के कुन मितिमा वनेका हुन र त्यस्तो घर भवनले कुनै क्षेति पुर्ति प्राप्त गरे नगरेको र क्षतिपुर्ति पाउने कानुनी अधिकारको सन्दर्भमा सम्वन्धित वडा कार्यालयले यथार्थ वुझि २०७४ माघ २२ गते भित्र न.पा. मा लिखित जानकारी गराउने ।

(घ) सडक सीमा भित्र रहेका रुखहरु काट्न हटाउन डिभिजन सडक कार्यालय भक्तपुरले जिल्ला वन कार्यालयमा आवश्यक पत्राचार गरी स्वीकृति लिने व्यवस्था मिलाउने ।

प्रमुख प्रशासकीय अधिकृत

(ङ) सडक विभागले सडक सीमा निर्धारण गरे पछि नेपाल विद्युत प्राधिकरण तथा नेपाल टेलिकमले सडक डिभिजन कार्यालय संग समन्वय गरी आफना पोल टार तथा लठा सार्ने हटाउने व्यवस्था मिलाउन वनेपा न.पा. र डिभिजन सडक कार्यालयले पत्राचार गर्ने ।

(च) अरनिको राजमार्ग वनेपा खण्ड दायाँवायाँ फुटफाथ निर्माण गर्ने प्रयोजनका लागि आवश्यक स्थानहरुमा माटो भर्नु पर्ने अवस्था रहेकाले सो को अनुमानित लागत ईष्टमेट डिभिजन सडक कायालय भक्तपुरले तयार गर्ने र सो को लागि लाग्ने खर्चको वनेपा नगरपालिका र डिभिजन सडक कार्यालयले पहिचान गरी जुटाउने व्यवस्था मिलाउने ।

(छ) वनेपा नगर क्षेत्र भित्र सवारी पार्किङ्ग स्थल निर्धारण तथा माल सामान ढुवानी गर्ने साधन प्रवेश र लोड अनलोड गर्ने समयका सम्वन्धमा जिल्ला ट्राफिक कार्यालय, ईलाका प्रहरी कार्यालय र वनेपा नगरकार्यपालिका समेत वसी उपयुक्त योजना वनाउने र सडकको दायाँवायाँमा रहेको फुटफाथ पसल राख्न पुर्ण रुपमा निषेध गर्ने र उक्त कार्यलाई सम्वन्धित सवै वडाको सहयोग गर्ने वातावरण मिलाई मिति २०७४ माघ १८ गते विहिवारवाट अभियानको रुपमा हटाउने कार्यक्त संचालन गर्ने ।

(ज) अरनिको राजमार्ग दायाँवायाँ सौन्दर्यकरण गर्न देहाय वमोजिम गर्ने गरी मिति २०७४ मााघ १८ गते विहिवारवाट अभियानका रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

१. राजमार्ग दायाँवायाँ निर्माण सामाग्री व्यापारिक वस्तु राख्न निषेध गर्ने ।

२. राजमार्ग दायाँवायाँ तोकिएको स्थान वाहेकका क्षेत्रमा सवारी रोक्न नदिने । वसपार्कमा सशुल्क पार्किङ्ग गराउने ।

३. निजि सवारी साधनले आफनो पार्किङ्ग व्यवस्था स्वयमले मिलाउनु पर्ने र राजमार्ग दायाँवायाँ पार्किङ्ग गर्न नदिने ।

४. राजमार्ग दायाँवायाँ फुटपाथ पसल राख्न पुर्णरुपमा निषेध गर्ने र सो क्षेत्रमा फुटफाथ व्यवसायीवाट उठाईआईएको फोहर मैला शुल्क र फुटफाथ कर अर्को व्यवस्था नभए सम्म नलिने ।

(झ) राजमार्ग दायाँवायाँ सडक सीमालाई अतिक्रमण गरी सञ्चालन भएका सवारी साधन वर्कशप, कवाडी पसल, निर्माण सामाग्री थुपार्ने तथा व्यापारिक वस्तु राख्ने कार्य समेत उल्लेखित अभियानकै रुपमा हटाउने व्यवस्था मिलाउने ।

(ञ) राजमार्ग क्षेत्रमा कुनै सवारी दुर्घटना भएमा उक्त अवस्थामा तत्काल घाईतेको उपचारको व्यवसथा मिलाई दोषीलाई कानुन वमोजिम कारवाही प्रकृया अगाडी वढाउन आवश्यक हुन्छ । तर त्यस्ता घटना घट्दा जम्मा हुने मानिसहरुले घाईतेलाई उपचारको लागि उठाएर अस्पतालमा लैजाने समेतमा अवरोध गर्ने व्यक्तिहरुलाई कानुन वमोजिम हुने कारवाही लाई समेत प्रभावित गर्ने र दुर्घटनाका विभत्स फोटोहरु खिचि सार्वजनिक गर्ने जस्ता कार्य भईरहेकाले उल्लेखित वमोजिमका कार्य नगर्न नगराउन आम नगरवासीहरुमा अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत